आज मिति २०७६ साल बैशाख महिनाको २२ गते आइतरका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको निर्णय तथा उपस्थिति देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री दिनेशराज पन्त | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| बरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थिति |
| इन्जिनियर | श्री रविन्द्रलाल मूल | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| शाखा अधिकृत | श्री कृष्णराज घिमिरे | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

(१) भ्रमण स्वीकृत सम्बन्धमा ।
(२) विद्युत पोल वितरण र ढुवानी सम्बन्धमा ।
(३) स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७६ सम्बन्धमा ।
(४) मादीनदी बहुउद्देश्यीय कृतिम तालको बोलपत्र सूचना प्रकाशन गर्ने सम्बन्धमा ।
(५) विभिन्न वडाका योजनाहरुमा रकम विनियोजन सम्बन्धमा ।
(६) आ.व.२०७५।०७६ को वित्तीय प्रगति समीक्षा सम्बन्धमा ।
(७) नगरवासीसँग नगर प्रमुखको प्रत्यक्ष सम्वाद कार्यक्रम थालनी सम्बन्धमा ।
(८) अगुवा कृषक छनौट गरी अन्तरक्रिया कार्यक्रम संचालन सम्बन्धमा ।
(९) वडामा इन्टरनेट सेवा विस्तार सम्बन्धमा ।
(१०) वडा नं.१ मा ए.वि.सी. केवल खरिदका लागि रकम थप सम्बन्धमा ।
(११) प्रदेश सरकारलाई समपुरक योजनाको प्रस्ताव पठाउने सम्बन्धमा ।
(१२) अन्य वडाहरुमा ए.वि.सी. केवल खरिद सम्बन्धमा ।
(१३) वि.पि.वन बाटिकाको खेल मैदान डि.पि.आर. सम्बन्धमा ।
(१४) औषधी खरिद सम्बन्धमा ।
(१५) वडा कार्यालयमा श्रवण प्रविधिको अडियो वडापत्र राख्ने सम्बन्धमा ।
(१६) विरुवा तथा धानको मल बिऊ खरिद सम्बन्धमा ।
(१७) चिन्तुटार खेलकुद मैदानको DPR तयार गर्ने सम्बन्धमा ।
(१८) वेलबास क्षेत्रको नक्शापास तथा घर कायम सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा UCLG ASPAC को आयोजनामा आगामी May महिनाको १९ गते देखि २५ गतेसम्म चिनको YIWU शहरमा आयोजना हुने UCLG ASPAC First Session Of 2019 Executive Bureau Meeting and Yiwu Dialogue on International Economic and Trade co-operation under the Belt and Road Initiative कार्यक्रममा यस नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठनाथ न्यौपानेज्यूलाई आयोजक संस्थाबाट निमन्त्रणा प्राप्त हुन आएको हुँदा उल्लेखित कार्यक्रममा सहभागिताको लागि यस नगरपालिकाका नगर प्रमुखज्यूलाई पठाउने निर्णय गरियो । साथै भ्रमण कार्यक्रममा हवाई खर्च वाहेक अन्य खर्च आयोजकले व्यहोर्ने गरी निमन्त्रणा प्राप्त भएकोले आतेजाते हवाई खर्च नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने समेत निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको चालु आ.व.२०७५/०७६ को कार्यक्रम अन्तर्गत विद्युतीय काठेपोल प्रतिस्थापन गर्ने गरी यस नगरपालिकालाई प्राप्त हुने ६०० (छ सय) थान विद्युतीय स्टिल पोल देहाय बमोजिमको संख्यामा विभिन्न वडाहरुमा वितरण गर्ने र पोल ढुवानी तथा पोल गाड्ने कार्य नेपाल विद्युत प्राधिकरण तनहुँ वितरण केन्द्र र शिशाघाट बजार विकास समिति ग्रामिण विद्युतीकरण सेवासँग समन्वय तथा साझेदारी गरी सम्पन्न गर्ने गराउने निर्णय गरियो ।

**तपशिल**

| वडा नं. | पोल संख्या | वडा नं | पोल संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ४५ | ८ | ४५ | |
| २ | १५ | ९ | ४५ | |
| ३ | १५ | १० | ४५ | |
| ४ | ३५ | ११ | ४५ | |
| ५ | ४५ | १२ | ४५ | |
| ६ | ४५ | १३ | ४५ | |
| ७ | ४५ | १४ | ४५ | |
| अन्य सार्वजनिक स्थलमा ४० थान । | | | | |

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७६ उपर दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा २०७५ साल चैत्र महिनामा काठमाण्डौंमा सम्पन्न राष्ट्रिय लगानी सम्मेलनद्वारा अनुमोदित भई गण्डकी प्रदेश सरकार र यस नगरपालिकाको साझेदारी तथा सहलगानीमा निर्माण प्रस्ताव गरिएको दमौली बहुउद्देश्यीय पर्यटन परियोजना अन्तर्गतको मादी नदी बहुउद्देश्यीय परियोजनाको सम्भाव्यता समेत अध्ययन गरी सोको बृहद् आयोजना प्रतिवेदन (DPR) तयार गर्न प्राविधिक तथा आर्थिक प्रस्ताव माग सम्बन्धी बोलपत्र आव्हान सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा विभिन्न वडा कार्यालयहरुबाट सिफारिस भई आए अनुसार देहायका योजनाहरु निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम |
|---|---|---|---|
| १. | दलित सशक्तिकरण तथा क्षमता विकास कार्यक्रम (शीर्षक ४.१.२७) | | २,००,०००। |
| २. | रिसेड तनहुँको अगुवाईमा अपांङता सम्बन्धी विविध कार्यक्रम संचालन ( शीर्षक ४.१.२८, ३ लाख बांकी ६६ हजार सशर्त शीर्षकबाट) | | ३,६६,०००। |
| ३. | पुलिमराङ मुलुकी मन्दिर निर्माण | ८ | १,५०,०००। |
| ४. | पुलिमराङ सप्तकन्या मन्दिर निर्माण | ८ | १,५०,०००। |
| ५. | बरबोटे खेत संरक्षण | ५ | २,००,०००। |
| ६. | छिर्कने बजार सुधार कार्यक्रम | १२ | २,६१,५००। |
| ७. | सहनशील आमा समूह भवन निर्माण | ११ | १,५०,०००। |
| ८. | जनजागरण आमा समूह भवन (छाना व्यवस्थापन समेत) | ७ | ८०,०००। |
| ९. | शिशाघाट बजार  विलमादे सडक ग्राभेल | ६ | ५,७५,०००। |
| १० | दलितहरुको आय आर्जनका लागि सुगुर पालन (शीर्षक ४.१.२७) | ६ | ८०,०००। |
| ११ | स्याम्घा हटिया पोखरी निर्माण | ६ | २,००,०००। |
| १२ | नेपालटार आमा समूह भवन निर्माण (छाना समेत) | ५ | १,५०,०००। |
| १३ | सेवर दुग्ध सहकारी संस्थाका लागि जेनेरेटर खरिद | १० | १,५०,०००। |
| १४ | पत्रकार महासंघ अधुरो भवन निर्माण | | ४,००,०००। |
| १५ | तालघरे दुम्सीचौर मार्गमा पक्की नाला निर्माण कालोपत्रे (रिटेनिङवाल निर्माण समेत) | | १४,००,०००। |
| १६ | छाब्दी वैकल्पिक मार्ग निर्माण | | ८,००,०००। |
| १७ | पराशर पार्क खेलमैदान निर्माण | ५ | ५,००,०००। |
| १८ | धाब्दी खानेपानी व्यवस्थापन | १३ | ३,५०,०००। |
| १९ | भोर्लेटार चोकमा कसिङ स्ल्याव निर्माण | ४ | १,९७,०००। |
| २० | नरंगा कलेस्ती कृषक समूह टनेल निर्माण | ७ | १,००,०००। |

**निर्णय नं ६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा चालु आ.व.२०७५/०७६ को हाल सम्मको अवधिसम्म हासिल वित्तीय प्रगति उपर समीक्षा गरियो । साथै आगामी आ.व.२०७६/०७७ का नीति, कार्यक्रम र बजेटको आवश्यक गृहकार्यका लागि राजश्व परामर्श समितिलाई आय प्रक्षेपणको खाका तयार गरी पेश गर्न निर्देशन गर्ने साथै योजना तर्जुमा सम्बन्धमा अन्य सम्पूर्ण विषयगत समितिलाई समेत आवश्यक सम्पूर्ण तयारीका लागि निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल गर्दा स्थानीय तहको निर्वाचन २०७४ सम्पन्न भई यस नगरपालिकामा जनप्रतिनिधिहरु वहाल भई कार्य संचालन गरेको २ वर्षको अवधि भित्र भए गरेका मुख्य-मुख्य उपलब्धिहरुका सम्बन्धमा बृहद् रुपमा छलफल गरियो । यसै सन्दर्भमा हाम्रो दैनिक सेवा प्रवाहको गुणस्तरमा बृद्धि गर्दै लैजाने साथै प्रतिफलमुखी विकासको अवधारणा एवं जनमुखी प्रशासनको सिद्वान्त बमोजिम हाम्रा

भावी लक्ष्यहरुलाई थप नतिजामुखी गराउने उद्देश्यका साथ नगरवासीहरुको राय, सुझाव र गुनासो संकलन गर्न २०७६ बैशाख ३० गतेदेखि हरेक सोमबार बिहान ११.३० बजेबाट अपरान्ह १२.३० सम्म यस नगरपालिकाको सभाहलमा नगरवासीसँग नगर प्रमुख, उपप्रमुख एवं नगरपालिकाका पदाधिकारी समेतको अन्तर सम्वाद कार्यक्रमको प्रारम्भ गर्ने र यसलाई क्रमिक रुपमा थप परिस्कृत गराउँदै लैजाने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको एकीकृत शहरी विकास योजना ( IUDP) द्वारा प्रमुख अग्रणी क्षेत्रको रुपमा निर्दिष्ट गरेको कृषि क्षेत्रको प्रवर्द्धन एवं विकासको लागि आगामी आ.व.२०७६/०७७ को लागि कृषि क्षेत्रमा योजनाबद्व रुपमा लगानी गर्ने उद्देश्यका साथ कृषि सम्बन्धी योजना तर्जूमा गर्न यही बैशाख ३१ गते प्रत्येक वडाबाट ५/५ जना कृषि तथा पशुपालन व्यवसायमा सक्रिया अगुवा कृषकहरुको सहभागिता रहने गरी बृहद् अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका केन्द्र कार्यालय र वडा कार्यालयमा हाल जडान गरिएको इन्टरनेट सेवा भरपर्दो हुन नसकेको कारणले कर असुली र दैनिक सेवा प्रवाह प्रभावित हुन गएको हुँदा गुणस्तरीय एवं भरपर्दो इन्टरनेट सेवा संचालन गर्न नगरपालिकाको आफ्नै ISP स्थापना गरी सबै वडामा इन्टरनेट सुविधा विस्तार गर्ने र सो कार्यका लागि सम्बन्धित विशेषज्ञ एवं परामर्शदाता फर्महरु मार्फत अध्ययन गराउने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ मा सडक बत्ती विस्तार गर्ने कार्यका लागि वडा बजेटबाट रु.४,००,०००। विनियोजन भएकोमा वडावासीको मागलाई मध्यजनर गरी ए.वि.सि. केवल खरिदका लागि नगरपालिकाबाट थप रु.१,००,०००। विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा प्रदेश सरकारको समपुरक अनुदानमा संचालन हुने गरी टोल तहबाट छनौट भई वडा कार्यालयहरुबाट सिफारिस भई आएका देहाय बमोजिमका योजनाहरुलाई निम्नानुसारको प्राथमिकता क्रम निर्धारण गरी स्वीकृतिका लागि सम्बन्धित निकायमा प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

| प्राथमिकताक्रम | आयोजनाको नाम | वडा | कुल अनुमानित लागत अनुमान |
|---|---|---|---|
| १. | नारेश्वर बहुउद्देश्यीय कृतिम ताल निर्माण | १० | ३ करोड |
| २. | कालिका मार्ग निर्माण | ७ र ८ | ३ करोड |
| ३. | केशवटार मार्ग निर्माण | १३ र १४ | २ करोड |
| ४. | माहेन्द्री मार्ग निर्माण | ५ र ६ | ३ करोड |
| ५. | दमौली सेन्टर पार्क निर्माण | ३ | ३ करोड |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका विभिन्न वडाहरुबाट सडक बत्ती विस्तारको लागि ए.वि.सी. केवल माग भई आएको हुँदा विद्युत पोल खरिद शीर्षकबाट रु.५,००,०००। खर्च हुने गरी यथाशिघ्र खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं. ३ स्थित वि.पि. वन बाटिका स्थित वि.पि. बहुउद्देश्यीय खेल मैदान निर्माण योजनाको लागि विस्तृत योजना प्रतिवेदन (DPR) तयार गर्ने कार्यको लागि श्री भ्यान्काटेश इन्जिनियरिङ एशोसियसन प्रा.लि. काठमाण्डौको रु.३,३९०००। (तीन लाख उनान्चालीस हजार) को प्रस्ताव स्वीकृत गरी सो सम्बन्धमा हालसम्म भएका सम्पूर्ण प्रकृयाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तनहुँको पत्र संख्या २०७५।०७६, च.नं.९३ मिति २०७६।१।१० को पत्रद्वारा अनुरोध भई आएअनुसार चालु आर्थिक वर्षको लागि सम्बन्धित शीर्षकमा विनियोजन भइआएको बजेटको सिमाले नपुग्ने देखिएकोले नगरपालिकाको आन्तरिक श्रोतबाट सोही शीर्षकमा खर्च हुने गरी औषधी खरिद गर्न रु.१,५०,०००। (एक लाख पचास हजार) थप विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा वडा कार्यालयबाट प्रवाह हुने सेवालाई सहज, सुलभ र थप गुणस्तरीय बनाउन नागरिक वडापत्रको श्रवण प्रविधि (Audio) जडान गर्न श्री नरहरी सापकोटाले पेश गरेको प्रति अडियो सेट रु.३०,०००। (तीस हजार) को प्रस्ताव स्वीकृत गरी १४ वटै वडामा सो प्रविधि जडान गरी Audio Voice कार्यालय समयमा सर्वसाधारणको जानकारीका लागि बजाउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा कृषकहरुलाई अनुदानमा वितरण गरिने रु.६,१५,००० मुल्य बराबरको निम्नानुसारका फलफूलको विरुवा तथा धानको बिऊ खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं. | खरिद गर्ने विरुवा एवं धानको विवरण | परिमाण | मुल्य | कैफियत |
|---|---|---|---|---|
| १. | सुन्तला जात फलफूल | ५,४००। विरुवा | १,४६,०००। | ढुवानी, प्याकिङ समेतको मुल्य |
| २. | सदावहार फलफूल | ४,०००। विरुवा | २,२९,०००। | ,, |
| ३. | बाली विकास तर्फ धानको बिउ | ८ टन | २,४०,०००। | ,, |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ चिन्तुटार स्थित खेल मैदानको लागि यस नगरपालिकाद्वारा विनियोजित रकम रु.७ लाख मध्ये रु.५ लाखबाट सम्बन्धित विषयका परामर्शदाता नियुक्ति गरी सो खेल मैदानको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गराउने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.१३ वेलबास स्थित साविक केशवटार ७/ग का जग्गाहरुमा विभिन्न जग्गाधनीहरुले आ-आफ्नो जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरी भोगचलन गरिरहेका जग्गाहरुमा भोगचलनमा कुनैपनि विवाद नरहेका तर फिल्डमा जग्गाधनी प्रमाणपूर्जा अनुसारको क्षेत्रफल भोगचलन गर्दा केही कित्ताहरुका साँधसिमानामा फरक पर्न गएको अवस्थामा सम्बन्धित जग्गाधनीहरुले नापी नक्शा र फिल्डमा फरक परेको भएतापनि हामी जग्गाधनीहरुको भोगचलन अनुसारको जग्गामा नक्शा पास तथा घर कायम गरिदिनुहुन भनी माग गरेका साथै सम्बन्धित वडाबाट समेत सोही व्यहोरा सिफारिस भई आएकोले सँधियाराहरु बीच सहमति भएको अवस्थामा आ-आफ्नो जग्गाधनी दर्ता प्रमाणपूर्जाको कुल क्षेत्रफल नबढ्ने गरी नक्शापास तथा घर कायम गरिदिने र पछि पुनः नापी हुँदाका बखत हालको भोगचलन अनुसार नै सम्बन्धित निकायबाट नाप नक्शा कायम गर्ने गरी नक्शापास तथा घर कायम प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।